**अर्थिक वर्ष २०७७/०७८ को**

# बजेट वक्तव्य

सुनछहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोवाङ,रोल्पा

५ नं प्रदेश नेपाल

पेश गरेको मिति-२०७७/०३/१०

**सुनछहरी गाउँपालिकाको आँठौ गाउँसभा**
**गाउँपालिकाका आर्थिक बिकास समितिका संयोजक श्री टिका बहादुर बुढा मगर ज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य:**

यस गाउँसभाका सभाध्यक्ष महोदय
यस गाउँपालिका का उपाध्यक्ष ज्यू,
प्रमुख अतिथि ज्यू,
अतिथि ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडाध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
वडा समितिका सदस्य ज्यूहरु,
रेडक्रस शाखाका प्रतिनिधि ज्यू,
विषयगत शाखा प्रमुख ज्यू, तथा अन्य कर्मचारी हरु,
सुरक्षा कर्मी तथा पत्रकार तथा अन्य उपस्थित दाजुभाई तथा दिदिबहिनिहरु,

कोरोना भाइरसको संक्रमण फैलिएको विषम परिस्थिति बिच यस गरिमामय गाउँसभामा आर्थिक बर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।
आर्थिक बर्ष २०७७/७८ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सम्मका क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जिबन आहुति गर्नुहुने महान सहिद हरुलाई म स्मरण गर्न चाहन्छु साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिईएको योगदानको उच्च प्रशंसा गर्दछु ।

कोभिड-१९ को कारण बन्दाबन्दीले गर्दा सामाजिक दुरी कायम गर्नुपर्ने बाध्यात्मक अवस्थाको बाबजुद धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण अभियानमा यस सुनछहरीबासीहरुले दिनुभएको साथ र सक्रियतालाई म सुनछहरी गाउँपालिकाको तर्फबाट सम्पूर्णमा उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

कोभिड-१९ को कारण बिश्वब्यापीरुपमा नै अर्थतन्त्रमाथि चुनौति पैदा भएको छ । उत्पादन र आपूर्ति बीच ठुलो असमानता आएको छ । लाखौ को रोजगारी गुमेको छ र अझै गुम्ने क्रममा रहेको छ । बैदेशिक रोजगारीमा गएका नेपाली दाजुभाइ दिदीबहिनी नेपाल फर्कने चाप बढे संगै स्वदेशमा थप

रोजगारका अवसर सिर्जना गर्नु चुनौती रहेको छ । यतिबेला सिंगो समाज र अर्थतन्त्र दुवै राहत र पुन:स्थापनाको पर्खाईमा छन् ।राज्यको आयस्रोतमा तिब्र गिरावट आएको छ । तैपनि जनताको सरकारको नाताले अभिभाबक्त्व र संरक्षक्त्व प्रदान गर्नु जिम्मेबारी लिएका छौ ।
यावत बाबजुदका कारण हामीसंग बिकल्प छैन भएका स्रोतसाधनलाई आबस्यकता अनुसार योजना बनाई कार्यन्वयन गर्ने गरी यो बजेटले प्रयास गरेको मैले लिएको छु ।

अव म यस गाउँ सभावाट चालु आ.व.०७६/०७७ मा हाल सम्म भएका मुख्य मुख्य उपल्वधिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.ब २०७६/७७ मा यस सुनछहरी गाउपालिकाको लागी संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान अन्तर्गत रकम रु. **७ करोड ७ लाख,** प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान अर्न्तर्गत **४१ लाख ४२ हजार,** संघीय सरकारबाट राजश्व बाँडफाँड वापत रकम **रु. ७ करोड ६ लाख** त्यसै गरी प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर बाँडफाँड अर्न्तर्गत प्राप्त अनुदान **३३ लाख ३१ हजार,** संघीय तथा प्रदेश सरकार बाट प्राप्त सर्शत र विभिन्न संस्थाहरुवाट प्राप्त आय तथा आन्तरीक आयलाइ समेटी जाम्मा **३६ करोड ४ लाख ५९ हजार ४८** रुपैंया बराबरको बजेट विनियोजन गरिएको थियो । जस मध्ये यो सभा चलिरहदा सम्म **पुजिगत खर्च ५१ प्रतिशत** र **चालु खर्च ४९ प्रतिशत** भएको छ ।

मुख्य उपल्वधीहरु

- कोभिड १९ को कारण विश्व मा नै मानव जातीमाथि शताव्दीकै सवै भन्दा ठुलो संकट सृजना भएको छ । जसवाट सुनछहरी गाउँपालिका पनि अछुतो रहन सकेन सोहि अन्तर्गत उक्त महमारी रोग नियन्त्रणकोलागि नेपाल सरकार प्रदेश सरकार तथा यस सुनछहरी गाउँपालिकाले तय गरेको रणनैतिक योजनाहरूलाइ पुर्ण रूपमा भएका स्रोत साधन परिचालन गरि कार्यन्वयन गरिएको छ ।
- कोभिड १९ कोरोना भाइरसलाइ मध्य नजर राख्दै संघ सरकारले अवलम्वन गरेको लकडाउनलाइ व्यवस्थित गर्नकोलागि सुनछहरी गाउँपालिका विपद व्यवस्थापन समिति तथा गाउँकार्यपालिका वैठकको निर्णय अनुसार पहिलो चरणमा प्रत्येक वडामा एक वटा क्ववारेन्टाइन स्थापना गरि सुनछहरी गाउँपालिका वाहिरवाट आएका ९४५ जना मध्ये ७४५

जना  आगन्तुकहरूलाइ स्थापना गरिएका क्ववारेन्टाइनमा राखी निश्चित अवधि पुगे पछि कुनै लक्षण नदेखिए पछि स्वास्थ्यकर्मीको निगरानी रहने गरी होम क्ववारेन्टाइनमा पठाइएको छ ।

- हाल सम्म भारतवाट २० जना आगन्तुकहरू यस सुनछहरी गाउँपालिकामा प्रवेश गरेका छन I सुनछहरी गाउँपालिकाको क्ववारेन्टाइनमा विदेश तथा अन्य जिल्ला बाट आएका ब्यक्तिहरु मध्ये ४७ जना आगन्तुकहरूको RDT परिक्षण गरिएको छ जसमा सवैको परिणाम negative आएपछि होम क्ववारेन्टाइनमा पठाइएको छ ।
- दोस्रो चरणमा अवस्थालाइ मुल्याकंन गर्दै विपद व्यवस्थापन समिति तथा गाउँकार्यपालिकाको निर्णय अनुसार भारत तथा अन्य तेस्रो मुलुकवाट आउन सक्ने आगन्तुकहरूलाइ मध्यनजर राख्दै यस सुनछहरी गाउँपालिका अन्तर्गत व्यवस्थित तरिकावाट नमुना मा.वि. जैमाकसला, सुनछहरी प्रा.वि. स्युरी, भुम्या थाला जेलवाङमा क्ववारेन्टाइनको स्थापना गरिसकेको छ ।
- भारत लगायत तेस्रो मुलुकवाट रहेका र आउन सक्ने मानिसहरूको अनलाइन तथ्याकं लिइदै आएको छ ।
- एक स्थानिय तह एक आइसोलेसन स्थापना गर्ने निर्णय अनुरूप सोको स्थापनाको तयारी भइरहेको छ ।
- कोभिड १९ लाइ मध्य नजर राख्दै कोभिड संग सम्वन्धित स्वास्थ्य सामाग्रीहरू तथा जनशक्तिको व्यवस्थापन गरिएको छ ।
- कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि रेडियो, व्रोसर तथा अन्य विभिन्न माध्यमवाट प्रचारात्मक कार्यलाइ निरन्तरता दिइरहेको छ ।
- जिल्ला आइसोलेसन स्थापना गर्नकोलागि **३ लाख रूपैया** वरावरको स्वास्थ्य सामाग्री खरिद गरि हस्तान्तरण गरिएको छ ।
- महामारीवाट हुन सक्ने खाद्य संकटलाइ मध्य नजर राख्दै गाउँपालिकामा एक खाद्य वैकं स्थापना गरिएको छ ।
- वडा देखि गाउपालिका केन्द्र सम्म जोड्ने मुख्य वडाहरु २ वर्ष भित्र जोडने रणनिति अनुरूप क्रमागतरूपमा योजनाहरू संचालन भइरहेका छन  । त्यो वाहेक स्थानिय तहवाट संचालित नियमित पुर्वाधार विकास निर्माणका कार्यहरू संचालन तथा सम्पन्न भइसकेका छन ।

- जेलवाङ देखी गाउँपालिका केन्द्र पोवाङ जोडने  मोटरवाटो सम्पन्न भई संचालनमा आएको छ।
- गाउँपालिकाको प्रशासनिक भवन क्रमागत योजना अन्तर्गत **२ वर्ष** भित्र सम्पन्न गरिने लक्ष्यका साथ  टेण्डर प्रक्रिया सम्पन्न भइ निर्माणको काम संचालनमा आएको छ।
- आ.व. ०७७।७८ मा सम्पन्न गर्ने गाउँपालिकाको आवास भवनको निर्माण कार्य संचालनमा आएको छ।
- प्रदेश सरकारवाट समपुरक वजेट अर्न्तगत संचालित नेपाल रास्ट्रीय मा.वि.  टेन्डर  भइ निर्माणको क्रममा रहेको जेलवाङ पोवाङ मोटरवाटो तथा वाहिरि गाम पोवाङ मोटरवाटो निर्माण भइ सम्पन्न भइसकेको तथा फगाम खानेपानि तथा सरसफाइ योजना निर्माणको क्रममा रहेको छ।
- स्थानिय पुर्वाधार विकास अन्तर्गत जनता मा.वि. छात्रावास योजना निर्माणको क्रममा रहेको छ।
- प्रदेश सरकार विशेष अनुदान अन्तर्गत ३० लाख रूपैया वरावरको रिपुकोट प्रा.वि. भवनको ९० प्रतिशत काम सम्पन्न भइसकेको छ।
- विधालय सुधार विकास कार्यक्रम अर्न्तगत सरस्वति आ.वि.घुसवाङ , सिद् प्रावि. झिन्जाघोगा ,देवि मन्दिर मा.वि. पोवाङ र शहिद स्मृति प्रा.वि. राङसीमा  २ कोठे ट्रस भवन निर्माणको काम भइसकेको छ।
- प्रदेश सरकार शर्सत अनुदानमा संचालित वाहिरी गाम खानेपानि योजना (१५ लाख), सेरम खानेपानी योजना (१० लाख) स्युरी थारखरी खानेपानि योजना (१५ लाख) स्युरी थारखरी साधिधारा खा.पा. योजना (१० लाख) ओखरेनी खानेपानी योजना (१० लाख) र जेलवाङ कोर्वाङ खानेपानि योजना (२० लाख) को योजनाहरूको संचालन भइ ८० प्रतिशत काम सम्पन्न भइसकेको छ।
- २०७८ सम्म यस सुनछहरी गाउपालिका लाइ वालविवाह मुक्त गा.पा. वनाउने प्रतिवद्धता अनुरुप गाउपालिका स्तरीय विभिन्न कार्यक्रम सहित गाउपालिका स्तरीय सम्पुर्ण वडाहरुमा अभियानको रुपमा लगीएको छ।
- गाउपालिकाको आन्तरीक राजश्व अभिवृदी गर्नकोलागी गा.पा. स्तरीय राजश्व अभिवृदि कार्यक्रम संचालन गरिएको छ।

- मुख्यमन्त्रि ग्रामिण विकास कार्यक्रम फलफुल तथा नगदेवालिमा आधारीत पकेट कार्यक्रम अन्तर्गत रामपासी कृषक समहु र नारवाङ कृषक समुह लाइ सुन्तलाको विरूवा तथा नमुना कृषक समुहलाइ कागतीको विरूवा वितरण गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अन्तर्गत यस सुनछहरी गाउँपालिका अन्तर्गत रहेका २२ वटा वालविकास सिकाइ केन्द्रलाइ शैक्षिक सामाग्रीहरू वितरण गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अन्तर्गत सुत्केरी कोशेली कार्यक्रम अन्तर्गत यस वर्ष सुत्केरी भएका र हुने अनुमानित १९० जनाको अनुमानित टार्गेट अनुसार हाल सम्म भित्रि गाम वाहिरीगाम , स्युरी र पोवाङ गरी १०६ जना सुत्केरीहरूलाइ सुत्केरी पोषण कोशेली वितरण गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम ज्येष्ठ नागरीक कार्यक्रम अन्तर्गत ८९ जना ज्येष्ठ नागरीकहरूको आखाँको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अर्न्तगत २० जना युवाहरुलाइ लोकसेवा कक्षा संचालन गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अर्न्तगत असाहय तथा जेहेन्दार वालवालिकाहरुलाइ छात्रावृति तथा शैक्षिक सामाग्री वितरण गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अर्न्तगत ५१ जना द्वन्द पिडित अपागंहरूको जिवन विमित गरिएको छ।
- प्रदेश सरकार र यस सुनछहरी गाउँपालिकाको साझेदारीमा जेलवाङमा स्मार्ट कृषि कार्यक्रमको ९० प्रतिशत काम सम्पन्न भइसकेको छ ।
- वडा नं ४ स्युरीमा एक्कासी महामारीकोरूपमा देखिएको चरचरे भ्यागुते रोगको विरूद गाउँपालिका पशु शाखा तथा वडा कार्यलयको सहयोगमा १७०० गाइ भैसीलाइ तत्तकाल भ्याकेसीनेसन गरी उक्त रोग नियन्त्रण गरिएको छ ।
- गाउँपालिका आर्थिक विकास पशु शाखा अन्तर्गत विदेशवाट फर्केर आएका युवालाइ लक्षित गरी युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत ८ जना युवाहरूलाइ वंगुर र वाख्रा पालन अनुदान कार्यक्रम संचालन गरिएको छ ।

- वहु क्षेत्रिय पोषण कार्यक्रम लागु भएको वडा नं १ सेरमको  फुलिवन र वडा नं ५ जैमाकसालको महावाङमा सुनौलोहजार दिनका ४४ जना आमाहरुलाइ मासु र अण्डाकोलागि कुखुरा वितरण तथा खोर निर्माण र तालिम सम्पन्न गरिएको छ ।
- पकेट कार्यक्रम सुदृधिकरण कार्यक्रम अन्तर्गत स्युरी र जेलवाङमा उक्त कार्र्यकम संचालन गरिएको छ ।
- प्रदेश सरकार भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको अनुदानमा महामारी रोग कोभिड १९ वाट प्रभावित यस सुनछहरी गाउँपालिका अन्तर्गत विदेश वाट फर्केर आएका १०० जना युवाहरूलाइ व्यवसाय उन्मुख  कृषि विकास प्रोत्साहन कार्यक्रम र १०० जना कृषकहरूलाइ कोभिड लक्षित व्यवसायिक तरकारी खेति प्रर्वदन स्वरोजगारमुलक कार्यक्रम संचालनमा रहेको छ ।
- कृषकहरुलाइ उन्नतजातका विउ विजन विरुवाहरु मल प्लाष्टिक टनेल वितरण तथा तालिमहरु संचालनमा ल्याइएको छ।
- औषधीलाइ अत्यावश्यक सेवामा प्राथमिकरण गरी औषधीको नियमित आपुर्ति  गरिएको छ ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत वडाहरुमा रहेका वेरोजगारहरुको सुचिकृत गराइ कम्तिमा १०० दिनको रोजगार सुनिश्चचत हुने गरी रोजगार कार्यक्रमहरुको शुरुवात गरिएको छ ।
- सविधानको धारा २१७ र स्थानिय सरकार संचालन एन २०७४ अनूरूप उपाध्यक्ष ज्युको संयोजकत्वमा गठित न्यायिक समितिले हाल सम्म यस सुनछहरी गाउपालिकाको न्यायिक समितिमा परेका विवादहरू मध्ये १६ वटा विवादहरू मेलमिलापको माध्यमवाट निरूपण गरीएको छ ।

**सभाअध्यक्ष महोदय,**

म अव यस सुनछहरी गाउँपालिकाको आ.व. ०७७।०७८ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

हाम्रा बजेटका प्राथमिकताका क्षेत्रहरु:

क) आर्थिक विकास

ख) सामाजिक विकास

ग) पुर्वाधार विकास

घ) वन वातावरण तथा विपद व्यवस्थापन

ङ) सुशासन तथा संस्थागत विकास।

हाम्रा वजेटका उद्देश्यहरु:

१. आधारभूत भौतिक पुर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको अभिवृद्धि गरी गरिवी न्युनिकरणमा टेवा पुर्याउने,

२. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकिकरण, विविधिकरण तथा व्यावसायीकरणमा जोड दिने,

३. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,

४. आधारभूत मानवअधिकारको संरक्षण र सर्म्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायतमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गर्ने,

५. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने,

६. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण लगायतको कार्यहरु मार्फ सुशासन प्रबर्धन गर्ने,

७. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने।

**अव म आर्थिक वर्ष ०७७ / ०७८ आय र व्यय प्रस्तुत गर्न चाहन्छु ।**

## आय तर्फ

आर्थिक वर्ष ०७७/०७८ को लागि यस सुनछहरी गाउपालिकाको लागि सर्शत अनुदान अन्तर्गत संघिय सरकारवाट **१२,७९,००००० । ( बाह्र करोड उनासी लाख रूपैया ),** वितिय समानिकरण अनुदान संघिय सरकार वाट **७,३७,००,००० ( सात करोड सैतिस लाख रूपैया ),** सर्शत अनुदान अन्तर्गत प्रदेश सरकारवाट **२,०८,५०,०००। ( दुई करोड आठ लाख पचास हजार रूपैया ),** वितिय समानिकरण अनुदान प्रदेश सरकारवाट **५०,८९,०००। ( पचास लाख उनानब्बे हजार रूपैया )** प्राप्त भएको छ ।

त्यसै गरी राजश्व वाडफाड अनुदान अन्तर्गत संघिय सरकारवाट **७,२३,१९,०९४। ( सात करोड तेइस लाख उन्नाइस हजार चौरानब्बे रूपैया ),** राजश्व वाडफाड अनुदान अन्तर्गत प्रदेश सरकारवाट **२३,९९,०००। ( तेइस लाख उनान्सय हजार रूपैया )** प्राप्त भएको छ ।

त्यसैगरी समपुरक अनुदानको रुपमा संघीय सरकारबाट **२४,००,०००। (चौविस लाख रुपैया)** र विशेष अनुदानको रुपमा **५०,००,०००। (पचास लाख रुपैया)** वजेट प्राप्त भएको छ ।

त्यसै गरी चालु आ.व. मा रहन सक्ने अल्या रकम **१,५०,००,००० ( एक करोड पचास लाख रूपैया )** र यस सुनछहरी गाउपालिकाको आन्तरीक स्रोतको रूपमा **१५,००,००० ( पन्ध्र लाख रूपैया ) तथा** संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षाको लागी रु **५,००,००,००० (रु पाँच करोड)** अनुमान गरी **यस वर्षको सुनछहरी गाउपालिकाको जम्मा कुल वजेट रु ३७,६१,५७,०९४। ( रु सैतिस करोड एकसट्ठी लाख सन्ताउन्न हजार चौरानब्बे )** वनेको छ जुन आ.ब २०७६/७७ को विनियोजित बजेट भन्दा ४.१७% (चार दसमलब एक सात प्रतिशत) ले बढी हो ।

## व्यय तर्फ

आर्थिक विकास तर्फ **१०३८५००० ( एक करोड तीन लाख पचासी हजार )** विनियोजन भएको छ जस अन्तर्गत **कृषि तर्फ ५१ लाख ४० हजार, पर्यटन तर्फ ६ लाख ५० हजार ,उद्योग तर्फ ३ लाख ९५ हजार , पशु पक्षि बिकाश तर्फ ४ लाख २० हजार रुपैया** बिनियोजन गरिएको छ ।

त्यसै गरी सामाजिक बिकास अन्तर्गत **८०१४००० ( असी लाख चौध हजार रूपैया )** विनियोजन भएको छ जस अन्तर्गत शिक्षा क्षेत्र **तर्फ १० लाख २५ हजार ,स्वास्थ्य तर्फ २८ लाख ९० हजार , खानेपानी तर्फ २ लाख ,संस्कृति संरक्षण तर्फ १० लाख, लक्षित वर्ग( दलित, महिला, जेष्ठ नागरिक, अपाङग, बालबालिका) २४ लाख १० हजार र खेलकुद तर्फ ४ लाख ८९ हजार** बिनियोजन गरिएको छ ।

त्यसैगरी पूर्वाधार विकास तर्फ **६१०६०००० ( छ करोड दश लाख साठी हजार)** विनियोजन भएको छ जस अन्तर्गत सडक तथा झोलुंगे पुल तर्फ १ करोड ३९ लाख ५० हजार, सिचाई तथा खानेपानी तर्फ ५० लाख २० हजार ,भवन तर्फ ३ करोड ३४ लाख ५० हजार , निर्मित भवन तथा सडकको भौतिक मर्मत सुधार तर्फ ८३ लाख ४० हजार, बस्ती संरक्षण तर्फ ३ लाख बिनियोजन गरिएको छ l

त्यसै गरी वन वातावरण तथा विपद व्यवस्थापन **तर्फ ५१५०००० ( एकाउन्न लाख पचास हजार)** विनियोजन भएको छ जस अन्तर्गत बन बाताबरण तथा बिपद ब्यबस्थापन तर्फको बन तथा भू संरक्षण मा ६ लाख ५० हजार , जलाधार संरक्षणमा ५० हजार , फोहोर मैला ब्यबस्थापनमा ३ लाख ५० हजार र प्रकोप व्यवस्थापनमा ४१ लाख बिनियोजन गरिएको छ l

त्यसै गरी सुशासन तथा संस्थागत विकास अन्तर्गत रु **१ करोड ४ लाख २५ हजार** बिनियोजन गरिएको छ।

त्यस्तै गरी **गाउपालिकाको चालु खर्च** तर्फ **७,१६,४१,८९४ । ( रु सात करोड सोह्र लाख एकचालीस हजार आठ सय चौरानब्बे )** विनियोजन गरिएको छ भने **वडा कार्यालयको चालु खर्च** तर्फ रु **४५,७६,२०० ( रु पैचालिस लाख छेहत्तर हजार दुइ सय रूपैया )** विनियोजन गरिएको छ।

साथै संघीय तथा प्रदेश सरकारको शर्शत अनुदान एबम सामाजिक सुरक्षा सहितको रकम रु २०६१५००००(बिस करोड एकसठ्ठी लाख पचास हजार) बराबरको प्राप्त हुने बजेट तथा कार्यक्रमहरु विनियोजित गरिएको छ।

यसरी कुल वजेट अन्तर्गत सर्शत अनुदान वाहेकको वजेटमा पुजिगत खर्च तर्फ ६,८३,२०,००० ( छ करोड त्रियासी लाख बीस हजार रुपैया) अर्थात ४०.१९ प्रतिशत र चालु खर्च तर्फ १०,१६,८७,०९४ ( दश करोड सोह्र लाख सतासी हजार चौरानब्बे रूपैया) अर्थात ५९.८१ प्रतिशत वजेट विनियोजन गरिएको छ।

अन्त्यमा आर्थिक श्रोत, नागरिक अपेक्षा र जनशक्ति वीचको तालमेल विना कुनै शासन पद्धति जीवन्त रहन सक्दैन। अतः प्राप्त श्रोतको यहाँको आवश्यकता अनुकुल दृढ इच्छा शक्ति सहित समुचित व्यवस्थापन तथा परिचालन गरी सुशासनको मर्मलाई साँच्चिकै व्यवहारमा परिवर्तन गर्ने चुनौती अहिले आएको छ। आवश्यकता र अपेक्षा असिमित छन् तर श्रोत सिमित छ। सिमित श्रोत साधनबाट अपेक्षित आशाहरु परिपूर्ति गर्न पक्कै पनि कठिन हुनेछ। यसकारण यहाँको माटो सुहाउँदो आवश्यकताको आधारमा यो आ.व.मा सकिने योजना र क्रमागत संचालन गर्ने योजनाहरु वर्गीकरण गरी बजेट विनियोजन गरिएको छ। आशा छ त्यसको लागि गत आ.व.मा गरिएका कमजोरीहरुलाई

सुधार गर्दै आगामी आ.व.मा हाम्रो क्षमता, वुद्धी विवेक र एकतालाई उच्चतम विन्दु सम्म प्रयोग गर्दै जनताको अपेक्षित आशाहरु पूरा गर्ने बाचा गर्दछौं । यसैगरी अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विभिन्न अतिथिगण ज्यूहरु लगायत सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । आजको यस सुनछहरी गाउँपालिकाको गाउँसभालाई यहाँ सम्म ल्याईपुर्याउनुहुने भित्री आवरणबाट सहयोग पुर्याउने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु

धन्यवाद ।

सुनछहरी गाउँपालिका

मिति २०७७ आसार १० गते